# बैठक नं. १

आज मिति २०७४।०९।२८ गते शुक्रबार विहान ०८:०० बजे चन्द्रनगर गाँउपालिकाको कार्यालयमा यस गाँउपालिकाका अध्यक्ष श्री महेन्द्र महतोज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका गाँउ सभाका सदस्यहरुको उपस्थितिमा चन्द्रनगर गाँउ सभाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति :**

| सि.नं. | पद | पदाधिकारीको नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री महेन्द्र महतो | गाउँ कार्यपालिका | |
| २ | उपाध्यक्ष | श्री विणा देवी साह | गाउँ कार्यपालिका | |
| ३ | वडा अध्यक्ष | श्री वंच्चे राय | वडा नं. १ | |
| ४ | महिला सदस्य | श्री सिता देवी राय | वडा नं. १ | |
| ५ | द.म.सदस्य | श्री विल्टुनिया देवी महरा | वडा नं. १ | |
| ६ | सदस्य | श्री फेकु महतो | वडा नं. १ | |
| ७ | सदस्य | श्री युगल किशोर प्र. | वडा नं. १ | |
| ८ | वडा अध्यक्ष | श्री रामनारायण महतो | वडा नं. २ | |
| ९ | महिला सदस्य | ललपरी देवी माझी | वडा नं. २ | |
| १० | द.म.सदस्य | श्री लिलिया देवी | वडा नं. २ | |
| ११ | सदस्य | श्री राम वावु राय | वडा नं. २ | |
| १२ | सदस्य | श्री हरिचन्द्र साह तेली | वडा नं. २ | |
| १३ | वडा अध्यक्ष | श्री सिता राम महतो | वडा नं. ३ | |
| १४ | महिला सदस्य | श्री मानवति देवी थरुनी | वडा नं. ३ | |

| | | | | |
|---|---|---|---|---|
| १५ | द.म.सदस्य | श्री पति देवी माझी | वडा नं. ३ | |
| १६ | सदस्य | श्री रजिन्द्र महतो कोईरी | वडा नं. ३ | |
| १७ | सदस्य | श्री पंचु पण्डित कुम्हार | वडा नं. ३ | |
| १८ | वडा अध्यक्ष | श्री जगदिश साह तेली | वडा नं. ४ | |
| १९ | महिला सदस्य | श्री समिना वेगम | वडा नं. ४ | |
| २० | द.म.सदस्य | श्री जयकलि देवी माझी मुसहर | वडा नं. ४ | |
| २१ | सदस्य | श्री दशै पासवान | वडा नं. ४ | |
| २२ | सदस्य | श्री शिवचन्द्र राय | वडा नं. ४ | |
| २३ | वडा अध्यक्ष | श्री नन्द लाल राय | वडा नं. ५ | |
| २४ | महिला सदस्य | श्री सविता कुमारी | वडा नं. ५ | |
| २५ | द.म.सदस्य | श्री मन्जु देवी महरा चमार | वडा नं. ५ | |
| २६ | सदस्य | श्री राम प्रगास महतो कोइरी | वडा नं. ५ | |
| २७ | सदस्य | श्री हरि वंश महतो | वडा नं. ५ | |
| २८ | वडा अध्यक्ष | श्री रामचन्द्र कापड | वडा नं. ६ | |
| २९ | महिला सदस्य | श्री राम कुमारी देवी | वडा नं. ६ | |
| ३० | द.म.सदस्य | श्री रजरनिया देवी | वडा नं. ६ | |
| ३१ | सदस्य | श्री लाल वावु प्र. साह | वडा नं. ६ | |
| ३२ | सदस्य | श्री कृष्ण नन्दन मुखिया | वडा नं. ६ | |



| | | | | |
|---|---|---|---|---|
| ३३ | वडा अध्यक्ष | श्री राम नारायण कुमर दुनवार | वडा नं. ७ | |
| ३४ | महिला सदस्य | श्री गीता देवी चौधरी | वडा नं. ७ | |
| ३५ | द.म.सदस्य | श्री कृष्ण वति ढांगर | वडा नं. ७ | |
| ३६ | सदस्य | श्री राशनारायण महतो सुडी | वडा नं. ७ | |
| ३७ | सदस्य | श्री राम स्वरुप चौधरी | वडा नं. ७ | |
| ३८ | कार्य पालिका चन्द्रनगरसदस्य | श्री मोस्लीम मँसुर | गाउँ कार्यपालिका | |
| ३९ | कार्य पालिका सदस्य | श्री नथुनि मुखिया | गाउँ कार्यपालिका | |
| ४० | सदस्य सचिव | श्री टेक प्रसाद भट्टराई | चन्द्रनगर गाउँपालिका | |

## मिति २०७४ साल पौष २८ गते बसको चन्द्रनगर गाँउसभाको बैठकको निर्णय

**निर्णय नं. १** चन्द्रनगर गाउपालिका, गाउ सभाको पहिलो बैठकको अवसरमा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तन एवं संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनार्थ नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै शहीदहरु प्रति श्रद्धा सुमन अर्पण गरी वेपत्ता र पिडित नागरिकहरु प्रति सम्मान व्यक्त गरियो ।

**निर्णय नं. २**  चन्द्रनगर गाउपालिकाको अध्यक्ष श्री महेन्द्र महतो ज्यू, यस गाउसभाको वैठकमा प्रस्तुत गर्नुभएको  चन्द्रनगर गाउपालिकाको आ.व. २०७४।०७५ को नीति तथा कार्यक्रम माथि छलफल गरी अनुसुचि १ बमोजिमको निति तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** चन्द्रनगर गाउपालिकाको आर्थिक ऐन, २०७४ , विनियोजन ऐन, २०७४ र चन्द्रनगर गाउपालिकाको पदाधिकारीहरुको आचारसहिता, २०७४ आ.व. २०७४।०७५ को नीति, बजेट, योजना तथा कार्यक्रम लगायत अन्य विषयमा कार्यसूचि बमोजिम छलफल गर्नको लागि मिति २०७४।०९।२९ गते शनिबारका दिन विहान ८:०० बजे सभाको बैठक बस्ने गरी आजको बैठक स्थगित गर्ने निर्णय गरियो ।

**बैठक नं. २**

आज मिति २०७४।०९।२९ गते शनिबार बिहान ०८:०० बजे चन्द्रनगर गाँउपालिकाको कार्यालयमा यस गाँउपालिकाका अध्यक्ष श्री महेन्द्र महतोज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका गाँउ सभाका सदस्यहरुको उपस्थितिमा चन्द्रनगर गाँउ सभाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति :**

| सि.नं. | पद | पदाधिकारीको नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री महेन्द्र महतो | गाउँ कार्यपालिका | |
| २ | उपाध्यक्ष | श्री विणा देवी साह | गाउँ कार्यपालिका | |
| ३ | वडा अध्यक्ष | श्री वच्चे राय | वडा नं. १ | |
| ४ | महिला सदस्य | श्री सिता देवी राय | वडा नं. १ | |
| ५ | द.म.सदस्य | श्री विल्टुनिया देवी महरा | वडा नं. १ | |
| ६ | सदस्य | श्री फेकु महतो | वडा नं. १ | |
| ७ | सदस्य | श्री युगल किशोर प्र. | वडा नं. १ | |
| ८ | वडा अध्यक्ष | श्री रामनारायण महतो | वडा नं. २ | |
| ९ | महिला सदस्य | ललपरी देवी माझी | वडा नं. २ | |
| १० | द.म.सदस्य | श्री लिलिया देवी | वडा नं. २ | |
| ११ | सदस्य | श्री राम वावु राय | वडा नं. २ | |
| १२ | सदस्य | श्री हरिचन्द्र साह तेली | वडा नं. २ | |

| | | | | |
|---|---|---|---|---|
| १३ | वडा अध्यक्ष | श्री सिता राम महतो | वडा नं. ३ | |
| १४ | महिला सदस्य | श्री मानवति देवी थरुनी | वडा नं. ३ | |
| १५ | द.म.सदस्य | श्री पति देवी माझी | वडा नं. ३ | |
| १६ | सदस्य | श्री रजिन्द्र महतो कोईरी | वडा नं. ३ | |
| १७ | सदस्य | श्री पंचु पण्डित कुम्हार | वडा नं. ३ | |
| १८ | वडा अध्यक्ष | श्री जगदिश साह तेली | वडा नं. ४ | |
| १९ | महिला सदस्य | श्री समिना वेगम | वडा नं. ४ | |
| २० | द.म.सदस्य | श्री जयकलि देवी माझी मुसहर | वडा नं. ४ | |
| २१ | सदस्य | श्री दशै पासवान | वडा नं. ४ | |
| २२ | सदस्य | श्री शिवचन्द्र राय | वडा नं. ४ | |
| २३ | वडा अध्यक्ष | श्री नन्द लाल राय | वडा नं. ५ | |
| २४ | महिला सदस्य | श्री सविता कुमारी | वडा नं. ५ | |
| २५ | द.म.सदस्य | श्री मन्जु देवी महरा चमार | वडा नं. ५ | |
| २६ | सदस्य | श्री राम प्रगास महतो कोइरी | वडा नं. ५ | |
| २७ | सदस्य | श्री हरि वंश महतो | वडा नं. ५ | |
| २८ | वडा अध्यक्ष | श्री रामचन्द्र कापड | वडा नं. ६ | |
| २९ | महिला सदस्य | श्री राम कुमारी देवी | वडा नं. ६ | |
| ३० | द.म.सदस्य | श्री रजरनिया देवी | वडा नं. ६ | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | सदस्य | श्री लाल वावु प्र. साह | वडा नं. ६ | |
| ३२ | सदस्य | श्री कृष्ण नन्दन मुखिया | वडा नं. ६ | |
| ३३ | वडा अध्यक्ष | श्री राम नारायण कुमर दुनवार | वडा नं. ७ | |
| ३४ | महिला सदस्य | श्री गीता देवी चौधरी | वडा नं. ७ | गीतादेवी |
| ३५ | द.म.सदस्य | श्री कृष्ण वति ढांगर | वडा नं. ७ | कृष्णा |
| ३६ | सदस्य | श्री राशनारायण महतो सुडी | वडा नं. ७ | |
| ३७ | सदस्य | श्री राम स्वरुप चौधरी | वडा नं. ७ | |
| ३८ | कार्य पालिका सदस्य | श्री मोस्लीम मँसुर | गाउँ कार्यपालिका | |
| ३९ | कार्य पालिका सदस्य | श्री नथुनि मुखिया | गाउँ कार्यपालिका | |
| ४० | सदस्य सचिव | श्री टेक प्रसाद भट्टराई | चन्द्रनगर गाउँपालिका | |

## मिति २०७४ साल पौष २९ गते बसेको चन्द्रनगर गाँउसभाको बैठकको निर्णय

**निर्णय नं. १ :** आर्थिक ऐन, २०७४ नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमेजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ :** विनियोजन ऐन, २०७४ नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमेजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** चन्द्रनगर गाउपालिकाको पदाधिकारीहरुको आचारसहिता ,२०७४ स्वीकृत गर्ने निणर्य गरियो ।

**निर्णय नं.४ :** चन्द्रनगर गाँउपालिकाको आ.व. २०७४।०७५ को कूल रु. ३८,१२,४८,०००।- को आय व्यय अनुमान अनुसूचि-२ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ :** चन्द्रनगर गाँउपालिकाको आ.व. २०७४।०७५ को शीर्षकगत व्यय अनुमान गरिएको अनुसूचि-३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ :** चन्द्रनगर गाँउपालिकाको आ.व. २०७४।०७५ को वित्तीय समानीकरण अनुदान तथा गत बर्षको अल्या समेतको चालु कार्यक्रम खर्च तर्फ रु. ४,३७,९०,०००।- को कार्यक्रम अनुसूचि-४ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ :** चन्द्रनगर गाँउपालिकाको आ.व. २०७४।०७५ को योजना तथा कार्यक्रमको देहाय बमोजिमका अनुसूचिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

क) वित्तीय समानीकरण अनुदान पूँजीगत खर्च तर्फ कूल रु. १४,५२,७२,०००।- र शशर्त अनुदान रु.५,१७,६१,०००।- मध्ये कृषि विकास कार्यक्रम(शशर्त समेत) रु. ६७,६२,०००।- अनुसूचि-५क, पशु सेवा कार्यक्रम(शशर्त समेत) रु.२४,३८,०००।-अनुसूचि-५ख, महिला तथा बालबालिका विकास कार्यक्रम रु. ४२,२८,०००।- अनुसूचि-५ग, पूर्वाधार विकास वडा स्तरीय योजना रु. ३,७२,८०,०००।- अनुसूचि-५घ, पूर्वाधार विकास कार्यक्रम गाँउ स्तरीय (गत बर्षको अ.ल्या. तर्फको पुँजिगत बजेट समेत) रु.९,०१,८०,०००।- अनुसूचि-५ङ , शिक्षा तर्फ (शशर्त समेत) रु.३,६१,३०,०००।- अनूसूचि-५च, स्वास्थ्य तर्फ (शशर्त समेत) रु.१,९५,२०,०००।- अनुसूचि-५छ, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु.३१,७०,०००।- अनुसूचि-५ज ।

ख) आन्तरिक श्रोत तथा राजश्व बाँडफाँड तर्फको पुँजिगत बजेट रु. ८२,००,०००।- अनुसूचि-६, आन्तरिक श्रोत तथा राजशव बाँडाफाँड तर्फको चालु खर्च रु.२९,००,०००।- अनुसूचि-६क ।

ग) बैकल्पिक उर्जा प्रबर्धन केन्द्रको रु. १८,००,०००।- विनियोजन भएको अनुसूचि-७ ।

घ) ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम पुँजिगत तर्फ Fund Board रु. ३,५१,४८,०००।- विनियोजन भएको अनुसूचि-८ ।

ङ) स्थानीय विकास तथा सामुदायिक विकास कार्यक्रमको रु. १०,६०,०००।- विनियोजन भएको अनुसूचि-९ ।

च) गरिवसँग विशेश्वर कार्यक्रमको रु. ४,२९,०००।- विनियोजन भएको अनुसूचि-१० ।

छ) बहुक्षेत्रीय पोषण कार्यक्रमको रु. १२,६१,०००।- विनियोजन भएको अनुसूचि-११ ।

ज) केन्द्र तथा प्रदेश थप अनुदान (अनुमानित) रु. ४,००,००,०००।- विनियोजन भएको अनुसूचि-१२ ।

झ) कन्टिजेन्सी तर्फको रु. ४३,३९,०००।- विनियोजन भएको अनुसूचि-१३ ।

ञ) वडा कार्यालयको बजेट विवरण भएको अनुसूचि- १४।

यस गाउँसभाबाट शीर्षकगत रुपमा पारित कार्यक्रम तथा बजेटलाई क्रियाकलापगत रुपमा विभाजन गरी वजेट बाँडफाँड गर्नुपर्ने शीर्षकको हकमा कार्यक्रम तथा बजेटलाई क्रियाकलापगत रुपमा विभाजन गरी वजेट बाँडफाँड गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :** आजको यस बैठकमा माथि उल्लेखित विषयहरु माथि छलफल गरी निणर्य हुन नसकेको तर बैठकको कार्यसुचिमा रहेको अन्य धेरै विषयहरु समेत छलफल गरी निणर्य गर्नुपर्ने भएको हुदा मिति २०७४ पौष ३० गते विहान ८:०० वजे पुन: गाउसभाको वैठक वस्ने गरी आजको वैठक स्थगित गर्ने निणर्य गरियो ।

**वैठक नं. ३**

आज मिति २०७४।०९।३० गते आइतवार विहान ०८:०० बजे चन्द्रनगर गाँउपालिकाको कार्यालयमा यस गाँउपालिकाका अध्यक्ष श्री महेन्द्र महतोज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका गाँउ सभाका सदस्यहरुकों उपस्थितिमा चन्द्रनगर गाँउ सभाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति :**

| सि.नं. | पद | पदाधिकारीको नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री महेन्द्र महतो | गाउँ कार्यपालिका | |
| २ | उपाध्यक्ष | श्री विणा देवी साह | गाउँ कार्यपालिका | |
| ३ | वडा अध्यक्ष | श्री वच्चे राय | वडा नं. १ | |
| ४ | महिला सदस्य | श्री सिता देवी राय | वडा नं. १ | |
| ५ | द.म.सदस्य | श्री विल्टुनिया देवी महरा | वडा नं. १ | |
| ६ | सदस्य | श्री फेकु महतो | वडा नं. १ | |
| ७ | सदस्य | श्री युगल किशोर प्र. साह | वडा नं. १ | |
| ८ | वडा अध्यक्ष | श्री रामनारायण महतो | वडा नं. २ | |
| ९ | महिला सदस्य | ललपरी देवी माझी | वडा नं. २ | |
| १० | द.म.सदस्य | श्री लिलिया देवी | वडा नं. २ | |
| ११ | सदस्य | श्री राम वावु राय | वडा नं. २ | |
| १२ | सदस्य | श्री हरिचन्द्र साह तेली | वडा नं. २ | |
| १३ | वडा अध्यक्ष | श्री सिता राम महतो | वडा नं. ३ | |

| | | | | |
|---|---|---|---|---|
| १४ | महिला सदस्य | श्री मानवति देवी थरुनी | वडा नं. ३ | |
| १५ | द.म.सदस्य | श्री पति देवी माझी | वडा नं. ३ | |
| १६ | सदस्य | श्री रजिन्द्र महतो कोईरी | वडा नं. ३ | |
| १७ | सदस्य | श्री पंचु पण्डित कुम्हार | वडा नं. ३ | |
| १८ | वडा अध्यक्ष | श्री जगदिश साह तेली | वडा नं. ४ | |
| १९ | महिला सदस्य | श्री समिना वेगम | वडा नं. ४ | |
| २० | द.म.सदस्य | श्री जयकलि देवी माझी मुसहर | वडा नं. ४ | |
| २१ | सदस्य | श्री दशै पासवान | वडा नं. ४ | |
| २२ | सदस्य | श्री शिवचन्द्र राय | वडा नं. ४ | |
| २३ | वडा अध्यक्ष | श्री नन्द लाल राय | वडा नं. ५ | |
| २४ | महिला सदस्य | श्री सविता कुमारी | वडा नं. ५ | |
| २५ | द.म.सदस्य | श्री मन्जु देवी महरा चमार | वडा नं. ५ | |
| २६ | सदस्य | श्री राम प्रगास महतो कोइरी | वडा नं. ५ | |
| २७ | सदस्य | श्री हरि वंश महतो | वडा नं. ५ | |
| २८ | वडा अध्यक्ष | श्री रामचन्द्र कापड | वडा नं. ६ | |
| २९ | महिला सदस्य | श्री राम कुमारी देवी | वडा नं. ६ | |
| ३० | द.म.सदस्य | श्री रजरनिया देवी | वडा नं. ६ | |
| ३१ | सदस्य | श्री लाल वावु प्र. साह | वडा नं. ६ | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | सदस्य | श्री कृष्ण नन्दन मुखिया | वडा नं. ६ | |
| ३३ | वडा अध्यक्ष | श्री राम नारायण कुमर दुनवार | वडा नं. ७ | |
| ३४ | महिला सदस्य | श्री गीता देवी चौधरी | वडा नं. ७ | |
| ३५ | द.म.सदस्य | श्री कृष्ण वति ढांगर | वडा नं. ७ | |
| ३६ | सदस्य | श्री राशनारायण महतो सुडी | वडा नं. ७ | |
| ३७ | सदस्य | श्री राम स्वरुप चौधरी | वडा नं. ७ | |
| ३८ | कार्य पालिका सदस्य | श्री मोस्लीम मँसुर | गाउँ कार्यपालिका | |
| ३९ | कार्य पालिका सदस्य | श्री नथुनि मुखिया | गाउँ कार्यपालिका | |
| ४० | सदस्य सचिव | श्री टेक प्रसाद भट्टराई | चन्द्रनगर गाउँपालिका | |

## मिति २०७४ साल पौष ३० गते बसेको चन्द्रनगर गाँउसभाको बैठकको निर्णय

**निर्णय नं.१ :** आ.ब. ०७४/०७५ को बार्षिक खरिद योजना तथा कार्य योजना तयार गरी सो अनुरुप गर्ने गराउनको लागी गाँउ कार्यपालिकाले स्वीकृति गर्न अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ :** नेपालको संविधानको धारा २१७ बमोजिमको न्यायिक समितिलाई पूर्णता दिनको लागि सोही धाराको उपधारा (२) को प्रयोजनार्थ देहाय बमोजिमका दुई जना सदस्य निर्विरोध निर्वाचित भएको घोषणा गरियो ।

१ श्री मुसलिम मन्सुर

२ श्री नथुनि विन

**निर्णय नं.३ :** गाँउ सभा को कार्य प्रणालीलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम देहायका समितिहरु देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

**लेखा समिति**

| | | |
|---|---|---|
| १ | संयोजक | नथुनि मुखिया विन |
| २ | सदस्य | लिलिया देवी |
| ३ | सदस्य | पति देवी माझी |

अन्य समितिको हकमा गाँउ कार्यपालिकाको मिति २०७४।०९।०४ गतेको बैठकको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम चन्द्रनगर गाँउपालिका क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवा प्रयोजनको लागि चालु आ.व. २०७४।०७५ को हकमा निर्माण सामग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट जिल्ला दररेटलाई नै अनुमोदन गरी सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** गाँउपालिका क्षेत्र भित्रका सडक, सार्वजनिक जग्गा, सार्वजनिक भवन आदि विभिन्न बहानामा अतिक्रमण गर्ने, मिच्ने प्रवृतिका कारणले सार्वजनिक आवत जावत र सार्वजनिक कार्य गर्न कठिनाई हुनुका साथै नगरको सौन्दर्यतामा समेत प्रतिकूल असर परिरहेको यर्थाथतालाई मनन गरी निम्न अनुसार गर्ने निर्णय गरियो ।

क) गाँउपालिका क्षेत्रको सडक, सार्वजनिक जग्गा अतिक्रमण गरेकोलाई हटाई त्यस्ता जग्गाहरुको संरक्षणको विशेष व्यवस्था गर्ने ।

ख) ऐलानी, पर्ति जग्गाको लगत तयार गरी संरक्षण गरी गाँउपालिकाबाट त्यस्ता जग्गालाई सार्वजनिक प्रयोगमा ल्याउने ।

ग) सडकको अधिकार क्षेत्र तोकि त्यसको पालना गराउने ।

घ) सार्वजनिक स्थलहरुको लगत तयार गरि संरक्षणको विशेष व्यवस्था मिलाउने ।

ङ) गाँउपालिका क्षेत्रको मठ, मन्दिर, मस्जिद आदि धार्मिक, साँस्कृतिक, ऐतिहासिक महत्वको सम्पति विवरण तयार गरि त्यस्तो सम्पत्तिको दूरुपयोग हुनुवाट रोक्ने । त्यसका संचालक समितिहरुको समय सापेक्ष गठन तथा पूनर्गठन गर्ने ।

**निर्णय नं.६:** गाँउपालिका क्षेत्रभित्र जनस्वाथ्यमा नकारात्मक असर पर्ने गरी अव्यवस्थित रुपमा पशुपंक्षी तथा माछामासु विक्री भई रहेको सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो ।

क) पशु स्वास्थ्यसँग सम्वन्धित निकाय, मासु व्यवसायीहरु, सरोकारवाला सवैको समन्वय, सहकार्य र साझेदारीमा पशु वधशालाको सम्भाव्यता अध्ययन गर्ने ।

ख) मासु व्यवसायलाई व्यवस्थित गर्ने ।

ग) मासु जाँच ऐन, नियमको पालना गर्ने, गराउने ।

घ) स्वास्थ्य, सरसफाई, मासु व्यवसायीलाई नियमन गर्ने निर्देशिका, कार्यविधिहरु वनाई लागू गर्ने।

ङ) उपभोक्ता अधिकार सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं.७:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ को उपदफा (२) बमोजिम चन्द्रनगर गाँउपालिकाबाट सार्बजनिक खरिद नियमावली नबनेसम्म सार्बजनिक खरिद सम्बन्धी नेपाल सरकारको प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्न तथा आन्तरिक श्रोत (पोखरी तथा हाटबजार आदी) ठेक्का व्यवस्थापनको हकमा गाँउ कार्यपालिकाको बैठकको निर्णयबाट स्विकृत भएको कार्यविधी अवलम्बन गर्न तथा ठेक्का लाग्न बाँकी पोखरीको हकमा ५ बर्षको लागी ठेक्का बन्दोवस्त गर्न र हाट बजारको हकमा १ बर्षको लागी ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**: यस गाँउपालिकाको लागि अन्य निकायवाट लागत सहभागितामा संचालन हुने थप योजना उपलव्ध भएमा गाँउपालिकावाट म्याचिड फण्ड उपलव्ध गराई योजना कार्यान्वयन गर्ने व्यवस्थाको लागी गाँउ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९** : गाँउ सभा बाट पारित योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा कुनै कारणवश कार्यान्वयन हुन नसक्ने अवस्था आई परेमा सम्बन्धित वडा समितिको सिफारिसमा गाँउ कार्यपालिका अध्यक्षबाट संसोधन गर्न सक्ने निर्णय गरियो ।

**निर्णय नं.१०** : विभिन्न शीर्षकमा विनियोजित समपुरक कोष (Matching Fund) लगायतका रकम वा अन्य शिर्षकमा छुट्याइएको रकम वचत भएमा गाँउ कार्यपालिकाको निर्णय अनुसार अन्य योजना बनाई खर्च गर्ने व्यवस्थाको लागि गाँउ कार्यपालिका लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११** : वित्तीय समानीकरण अनुदान तर्फ विनियोजित सशर्त बजेटबाट तोकिएका कार्यक्रम सञ्चालन एवं स्वास्थ्य चौकी र विद्यालयका शिक्षकहरुको तलव भत्ता समेत नपुग हुने भएकोले कार्यक्रम बमोजिम नपुग हुने रकम थप विनियोजनको लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२** : वडा समितिबाट सिफारिश हुन नसकेको तर प्रत्यक्ष रुपमा सकरात्मक प्रभाव पार्ने खालका योजनाहरु माग भएमा त्यस्ता योजना संचालनका लागि आवश्यक वजेट व्यवस्था मिलाई गाँउ कार्यपालिकाबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३** : आ.व. २०७४/७५ का लागि वडा समितिबाट माग भई आएका योजनाहरु मध्ये सभाबाट पारित बजेटमा समावेश नभएका ठुला प्रकृतिका योजनाहरु कार्यान्वयनका लागि प्रदेश र संघमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४** : उपभोक्ता समिति मार्फत कार्यान्वयन हुन सक्ने प्रकृतिका योजनाहरु कार्यान्वयनका लागि वडा समितिको सिफारिसमा सकेसम्म सबै जाति, बर्ग, धर्म, लिङ्ग र पछाडी पारिएका समुदायका सदस्यहरु रहने गरी समावेशी उपभोक्ता समिति गठन गरी संझौताका लागि निश्चित अवधिको सूचना दिने र तोकिएको अवधिमा संझौता गर्न नआएमा अन्य व्यवस्थाद्वारा गाँउ कार्यपालिकाबाट योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५** : गाँउपालिका क्षेत्रभित्र खुला क्षेत्रको पहिचान गरी संरक्षण र विकास गर्ने  निर्णय गरियो ।

**निर्णय नं.१६** : चन्द्रनगर गाँउपालिकाको आन्तरिक श्रोतलाई व्यवस्थित, भरपर्दो तथा प्रभावकारी वनाउन उद्योगी व्यवसायीहरुको विवरण संकलन, अभिलेखीकरण गर्दै नयां आय श्रोतहरुको पहिचान गरी सबै किसिमका व्यापार व्यवसायलाई करको दायरामा ल्याउन राजस्व व्यवस्थापनलाई सशक्त वनाउने निर्णय गरियो ।

**निर्णय नं.१७** : चन्द्रनगर गाँउपालिकाको प्रशासकीय सँगठन र कर्मचारी दरबन्दी सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम गर्ने । सो बमोजिम नहुँदासम्म यस गाँउपालिकामा साविकदेखि कार्यरत कर्मचारी, अन्य निकायबाट काज खटिएका कर्मचारी र सेवा करारमा कर्मचारी राखी कामकाज सञ्चालन गर्ने निर्णय गरियो । साथै निम्न तलवमा खटिआएका कर्मचारीको हकमा

निजको कार्यसम्पादन मुल्याकनको आधारमा नेपाल सरकारवाट तोकिएको तलवमान भन्दा नवढनेगरी आवश्यक तलव वृद्धि गर्ने निर्णय गर्ने अधिकार गाउपालिका अध्यक्षलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८** : चन्द्रनगर गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यलय, चन्द्रनगरको हालसम्मको निर्णय र सो निर्णय बमोजिम भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९** : गाँउ सभा  र गाँउ कार्यपालिका बैठकको हकमा प्रति व्यक्ति प्रति बैठक रु. १,५००।- बैठक भत्ता र गाँउ सभा  एवं गाँउ कार्यपालिकाबाट गठित अन्य समिति, उपसमिति, कार्यदल तथा कानून बमोजिमका अन्य समितिहरु र वडा समितिको बैठकको हकमा प्रति व्यक्ति प्रति बैठक रु. १,०००।- बैठक भत्ता उपलब्ध गराउने साथै यस अघि भएको बैठकको भत्ता समेत यसै बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०** : गाँउपालिकामा न्यायिक समिति लगायत विभिन्न मुद्दा, पैरवी एवं अन्य कानुनी परामर्श लिनका लागि मासिक रु.२०,०००।- मा नबढ्ने गरी सेवा करारमा सम्झौता गरी एक जना कानुनी परामर्शदाता नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१** : चन्द्रनगर गाँउपालिकालाई स्वच्छ र सफा गाँउपालिकाको रुपमा विकास गर्न फोहर मैला व्यवस्थापनका सम्बन्धमा निम्न अनुसार गर्न स्वीकृति गर्ने निर्णय गरियो ।

क) सरसफाई अभियानलाई सामाजिक परिचालनको माध्यमद्वारा शुन्य ल्याण्डफिलको अवधारणा अनुरुप गर्न व्यवस्था मिलाउने र यसको विकल्पको रुपमा दीर्घकालिन स्यानेटरी ल्यान्डफिल साईटको उपयुक्त जग्गा खोजी एवं पहिचान गर्ने ।

ख) श्रोतमा नै जैविक र अजैविक फोहर छुट्याई जैविक फोहरवाट कम्पोष्ट मल वनाउन निजी क्षेत्र, सामाजिक संघ, संस्था एवं व्यक्तिलाई उत्प्रेरित गर्ने ।

ग) घरको फोहर घरमा नै तह लगाउन महिला केन्द्रित जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।

घ) सार्वजनिक निजी साझेदारीको अवधारण अनुसार फोहोर मैला व्यवस्थापन गर्ने ।

ङ) उपर्युक्त व्यवस्था लागू नभएसम्म संकलित फोहोर मैला गाँउ कार्यपालिकाले तोकेको स्थानमा विसर्जन गर्ने ।

**निर्णय नं.२२** : अर्को व्यवस्था नभएसम्मको लागि गाँउपालिकाद्वारा सञ्चालन हुने तालिम, गोष्ठी तथा सेमिनारमा गरिने खर्चको नर्म्स निम्न अनुसार निर्धारण गर्ने निर्णय गरियो ।

| क.सं. | बिबरण | इकाई | अधिकतम खर्च सिमा रु |
|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | प्रति दिन | १२०० |
| २ | **आन्तरिक प्रस्तुतकर्ता** | | |
| २.१ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | २००० |
| २.२ | सहायक प्रशिक्षक | प्रति कक्षा | १५०० |
| २.३ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति दिन | ४००० |
| २.४ | सहायक प्रशिक्षक | प्रति दिन | ३००० |
| २.५ | कार्यपत्र | प्रति एक | १००० |
| ३ | **बाहिरी प्रस्तुतकर्ता** | | |
| ३.१ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | २५०० |

| | | | |
|---|---|---|---|
| ३.२ | सहायक प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | २००० |
| ३.३ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति दिन | ५००० |
| ३.४ | सहायक प्रशिक्षक/सहजकर्ता | प्रति दिन | ४००० |
| ३.५ | कार्यपत्र | प्रति एक | १००० |
| ४ | खाजा खर्च | प्रति जना | २०० |
| ५ | खाना खर्च | प्रति जना | ४०० |
| ६ | सहभागी यातायात खर्च | प्रति जना | ५०० |
| ७ | वाहिरको प्रशिक्षक दै.भ्र.भ. | प्रति दिन | १५०० |
| ८ | वाहिरको प्रशिक्षक यातायात खर्च | | बिल अनुसार |

**निर्णय नं.२३** : चन्द्रनगर गाँउपालिका क्षेत्र भित्र सडक बत्ती व्यवस्थापन गर्न वडा समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.२४** :सार्वजनिक निजी साँझेदारी (PPP) को अवधारण बमोजिम शुल्कमा आधारित फोहोरमैला व्यवस्थापनका लागि फोहोर मैला व्यवस्थापन तथा सरसफाई शिर्षकबाट खर्च हुने गरी गाँउ कार्यपालिकाबाट आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५** : वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७० लाई पूर्णरुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६** : बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ बमोजिमका आवश्यक पूर्वाधार तयार गरी बालमैत्री स्थानीय शासन लागू गर्ने सम्बन्धमा निर्णय गरियो ।

**निर्णय नं.२७**: गाँउपालिकाको आन्तरिक कार्य प्रणालीलाई व्यवस्थित गर्न विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका, व्याक हो लोडर सञ्चालन कार्यविधि, वातावरण तथा सरसफाई कार्यविधि, मर्मत सभार कोष सञ्चालन कार्यविधि गाँउ कार्यपालिकाबाट तर्जुमा गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८** : यस गाँउपालिका र अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारीहरुका निम्ति कर्मचारी आचार संहिता गाँउ कार्यपालिकाबाट तयार गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं.२९** : गाँउपालिका र अन्तर्गत निकायमा कार्यरत स्थायी, अस्थायी एवं सेवा करारका कर्मचारीहरुलाई नेपाल सरकारले निजामती कर्मचारीहरुलाई उपलब्ध गराए सरह पोषाक भत्ता उपलब्ध गराउने र शुक्रवार बाहेक कार्यालय समयमा सबै कर्मचारीलाई अनिवार्य रुपमा तोकिएको पोषाक लगाउन लगाउने सम्बन्धमा निर्णय गरियो ।

**निर्णय नं.३०** : निम्न व्यक्ति र निजको परिवार वा संस्थालाई जन्म दर्ता र नागरिकता सिफारिश बाहेक गाँउपालिकावाट उपलब्ध गराउने सम्पुर्ण सेवा सुविधावाट वंचित गर्ने सम्बन्धमा निर्णय गरियो ।

क) विगतमा साविक गा.वि.स.बाट ठेक्का पट्टा लिई नियमानुसार तिर्नु वुझाउनु पर्ने रकम नवुझाएका व्यक्ति वा संस्था

ख) नियमानुसार गाँउपालिकालाई वुझाउनु पर्ने कर, महसुल आदि नवुझाई वक्यौता राख्ने व्यक्ति वा संस्था

ग)   गाँउपालिकावाट पेश्की लिइ फछ्र्यौट नगरेका व्यक्ति वा संस्था
घ)   गाँउपालिकाबाट सरसफाई परिचय पत्र नलिएको व्यक्ति वा संस्था

**निर्णय नं.३१** : यस गाँउपालिकाको आ.व. २०७३/०७४ को जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम गाँउ कार्यपालिका र अन्तर्गत निकायको लिलाम गर्नु पर्ने जिन्सी माल सामान भए लिलाम गर्ने र मर्मत संभार गर्नु पर्ने भए मर्मत संभार गर्ने व्यवस्था कार्यपालिकाले मिलाउने निर्णय गरियो ।

**निर्णय नं.३२** : गाँउ कार्यपालिका र अन्तर्गत निकायमा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित गर्दै उच्च मनोबलका साथ कार्य सम्पादन गर्ने अवस्था सिर्जना गरी सेवामा प्रतिस्पर्धा बढाउन गाँउ कार्यपालिकाबाट विभिन्न कार्य सम्पादन सूचक निर्धारण गरी सो बमोजिम कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने गरी गाउ कार्यपालिकाको मिति २०७४।०९।०४ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३३** : साविक गाँउ विकास समितिहरुको लेखापरीक्षण प्रतिवेदन अनुसार फछ्र्यौट गर्न बाँकी पेश्की तथा बेरुजु रकम फछ्र्यौट गर्न उच्च प्राथमिकताका साथ कारबाही प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.३४** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ को उपदफा (२) बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउन चन्द्रनगर गाँउपालिकामा आन्तरिक लेखापरीक्षण गर्ने जनशक्ति व्यवस्थापन नभएसम्म जिल्ला समन्वय समितिमा रहेको आन्तरिक लेखापरीक्षण गर्ने कर्मचारी वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराउने निर्णय गरियो ।

**निर्णय नं.३५** : चन्द्रनगर गाँउपालिका स्थित ऐतिहाँसिक तथा पर्यटकिय क्षेत्रको रुपमा रहेको नाढी ताल लाई यस गाँउपालिकाको विशेष पर्यटकिय क्षेत्र घोषणा गरी २ बर्ष भित्र मध्य तराईकै उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न गाँउ सभा तथा केन्द्र र प्रदेश सरकार संग विशेष बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.३६** : यस गाँउपालिकाको आ.व. २०७३/०७४ को अन्तिम लेखापरीक्षण हालसम्म नभएकोले लेखापरीक्षणको लागि कार्यपालिकाबाट आवश्यक पहल गरी समयमै लेखापरीक्षण गराई सभाको आगामी बैठकमा प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं.३७** : यस गाँउपालिकामा कम्तिमा  एउटा सुविधा सम्पन्न अस्पताल र प्रत्येक वडामा एउटा स्वास्थ्य चौकी स्थापनाको लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.३८** : चन्द्रनगर गाँउपालिकाको केन्द्र रहेको नाढी तालदेखी करिब २/३ कि.मी. पश्चिम पोखरिया बजार सम्म जाने सडक, नाढीताल देखी गढाहा टोल जाने सडक र नाढी ताल देखी पकडवा हुँदै बबरगंज सम्म जाने कृषि सडकलाई न्युनतम १० मि. कायम गरी सडक स्तरोन्नती गर्न गाँउपालिकाबाट विनियोजित रकम अपुग हुने हुँदा थप रकम केन्द्र तथा प्रदेश सरकार संग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.३९** : यस क्षेत्रमा आगलागी जस्ता प्रकोपको जोखिम उच्च रहेकोले आगलागी नियन्त्रण गर्ने प्रयोजनको लागि एक थान वारुण यन्त्र र २ थान एम्बुलेन्स उपलब्ध गराई दिन श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत केन्द्र सरकारसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.४०** : चन्द्रनगर गाँउपालिका अन्तर्गत सेवा पुऱ्याई रहेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई साविकदेखि पाई रहेको प्रोत्साहन भत्तामा एकरुपता कायम गर्दै रु.३,१२,०००। विनियोजन गरी बार्षिक रुपमा जनही दामासाही रुपले पर्न आउने रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.४१** : चन्द्रनगर गाँउपालिकाबाट सञ्चालित पूर्वाधार निर्माण तर्फ उपभोक्ता समितिबाट सञ्चालन हुने योजनामा कूल लागतको कम्तिमा १० (दश) प्रतिशत जनश्रमदान कायम गरी निर्माण कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं.४२** : चन्द्रनगर गाँउपालिका, गाँउ कार्यपालिका कार्यालयको कार्यालय भवन निर्माणको लागि चन्द्रनगर गाँउपालिका, वडा नं. ७ स्थित नाढीतालको नजिक रहेको करिब १ विगाहा जग्गामा रहेको अव्यवस्थित वस्तिलाई अन्यत्र सारी सो स्थानमा गाँउपालिकाको कार्यालयको भवन निर्माणको लागी उपयुक्त रहेकोले आवश्यक प्रक्रिया पुरा गरी सो जग्गामा कार्यालय भवन निर्माणको लागि रु. ८ करोड र वडा कार्यालयको भवन निर्माणको लागि प्रति वडा कार्यालय रु. २ करोडको दरले श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत केन्द्र सरकारसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.४३** : यस गाँउपालिकामा चार चक्के सवारी साधन नरहेकोले अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको लागि तीन वटा चार चक्के सवारी साधनको व्यवस्था हुन श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४४** : चन्द्रनगर गाँउपालिका लाई नेपाल सरकारबाट प्राप्त भएको तथा आन्तरिक श्रोतबाट प्राप्त हुने रकम अपुग हुन गई यस गाँउपालिकाले तत्काल गर्नु पर्ने तपशिल बमोजिमका योजनाहरुको लागी आवश्यक बजेट व्यवस्था गरिदिन नेपाल सरकार तथा प्रदेश सरकारलाई अनुरोध गर्न सिफारिश गर्ने निर्णय गरियो ।

**तपशिल :**

१. वडा नं. ७ र ४ को विचमा कटही पुल निर्माण कार्य ।
२. वडा नं. ४ र ७ को विचमा गेरुका नदीमा पुल निर्माण ।
३. वडा नं. ७ स्थित कटही नदीमा पुल निर्माण ।
४. वडा नं. २ र ३ को विचमा गेरुका नदीमा पुल निर्माण ।
५. वडा नं. ७ अधवारा नदीमा पुल निर्माण ।
६. वडा नं. ७ धोदियाईमा सुलिगेट निर्माण ।
७. वडा नं. ६ र ७ जोडने अधवारा नदीमा सुलिगेट निर्माण
८. ईश्वरपुर नगरपालिका र चन्द्रनगर गाँउपालिका वडा नं. ३ र ७ जोडने पक्की बाँध निर्माण ।
९. वडा नं. ६ र ५ को विच कटही पुल निर्माण ।
१०. वडा नं. ७ पकडवा नदीमा सुलिगेट निर्माण ।
११. नाढी ताल पर्यटकिय क्षेत्र विकास कार्यक्रमको लागी आवश्यक रकम ।
१२. चन्द्रनगर गाँउपालिकाको सबै वडा समेटने गरी रिङ्गरोड को ट्र्याक खोल्ने तथा कल्भर्ट र नाला सहित कालोपत्रे सडक निर्माण ।
१३. वडा नं. ७ ब्रह्मस्थान देखी ईश्वरपुर जोडने सडक कालोपत्रे ।
१४. वडा नं. २ राम नारायण महतोको घर देखी पश्चिम विर्ता बजार हुँदै किसनपुर जोडने सडक कालोपत्रे ।
१५. गाँउपालिका क्षेत्रभित्र सिँचाईको लागी ५० थान डिप बोरिङ्ग ।

१६. चन्द्रनगर गाँउपालिका क्षेत्रभित्र रङ्गशाला निर्माण ।
१७. वडा नं. १ निम टोलदेखी अगर्वा जाने बाटोमा  पुल निर्माण ।
१८. चन्द्रनगर वडा नं. १ खैरा खोलामा पुल निर्माण ।
१९. वडा नं. ६ को विलैया बजार देखी कामद को मुल बाटो हुँदै मोड सम्म कालोपत्रे ।
२०. वडा नं. ६ को विम टोल देखी गोवि लाल चौक सम्म कालोपत्रे ।
२१ चन्द्रनगर गाउँपालिका वडा नं. २,३,४ र ५ नम्बर वडामा शुद्ध खानेपानी वितरण कार्यको लागि खानेपानी आयोजना तथा ओभरहेड ट्यांकी निर्माण

**निर्णय नं.४५:** गाँउसभा तयारीका क्रममा कार्यालय समयका साथै अतिरिक्त समयमा समेत काम गरेवापत उपस्थित दिनको निम्न बमोजिमको थप पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

| कर्मचारी स्तर | प्रति दिन रु. |
|---|---|
| अधिकृत स्तर | १५०० |
| ना.सु./ खरिदार  स्तर | १२०० |
| कार्यालय सहयोगी | ७०० |

**निर्णय नं.४६ :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-७ बमोजिम नक्सा पास गर्ने कार्यलाई व्यवस्थित गर्न नक्सा पास सम्बन्धी मापदण्ड तयार नभए सम्मका लागि सोही परिच्छेद एवं नेपाल सरकारवाट जारी भएको वस्ती विकास, शहरी योजना तथा भवन निमार्ण सम्वन्धी आधारभुत निर्माण मापदण्ड, २०७२ अनुसार नक्सापास गर्ने कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

**निर्णय नं.४७ :** चन्द्रनगर गाँउपालिका क्षेत्रभित्रका विद्यालय र स्वास्थ्य चौकीहरुमा निजी स्रोतबाट पारिश्रमिक पाउने गरी नियुक्त भएका कर्मचारी तथा शिक्षकहरुको पारिश्रमिक साविक गाविसहरुबाट भुक्तानी भई गाँउपालिकाबाट भुक्तानी दिनु पर्ने विषयमा आवश्यक जाँचबुझ गरी कार्यपालिकाको निर्णयानुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं.४८ :** चन्द्रनगर गाँउपालिकाको बबरगंज स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर स्थापना गरी संचालन गर्न आवश्यक प्रकिया पुरा गरी स्विकृतिको लागी स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४९ :** चन्द्रनगर गाँउपालिका भित्रका विद्यालय तथा स्वास्थ्य चौकीहरुमा चालु शिर्षकको कार्यक्रम खर्च अन्तर्गत संस्थागत अनुदान कार्यक्रमबाट खर्च गर्ने गरी आवश्यकता अनुसार थप कर्मचारी को व्यवस्था गर्न गाँउ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५० :** चन्द्रनगर गाँउपालिकाको आकस्मिक कोषमा रहेको रकम परिस्थितीजन्य आवश्यकतालाई मध्यनजर गरी तत्काल गर्नु पर्ने कार्यको लागी गाँउपालिका अध्यक्षको निर्णयानुसार खर्च गर्न गाँउपालिका अध्यक्षलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५१ :** विगतमा कार्य सम्पन्न भई गाँउ कार्यपालिकाको निर्णयानुसार भुक्तानी भएको चालु तथा पुँजिगत खर्चलाई अनुमोदन गर्दै जनप्रतिनिधीहरुको पद बहाली पश्चात गाँउ कार्यपालिकाको निर्णयानुसार

संचालन भएका भुक्तानी हुन बाँकी  योजनाहरुको सम्बन्धमा स्वीकृत बजेटको परिधिभित्र रही कार्यपालिकाको निर्णय बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.५२** : चन्द्रनगर गाँउपालिकाको आ.ब.२०७४।०७५ को प्रथम गाँउसभा समुद्घाटन समारोह तथा गाँउसभा अधिवेशन संचालन खर्च तपशिल बमोजिम भएको देखिएको हुँदा  सो खर्च अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल :**

| **क्र.सं.** | **खर्चको विवरण** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | उद्घाटन समारोह खाजा खर्च (१५ सय जना) | १३००००।०० | |
| २ | टेन्ट खर्च | ८००००।०० | |
| ३ | व्याग १०० थान | ११००००।०० | |
| ४ | सजावट सामाग्री(फुल, गमला आदी) | ४००००।०० | |
| ५ | दोसल्ला ३० थान | ४००००।०० | |
| ६ | पानस, थाली १/१ थान | १००००।०० | |
| ७ | खाना (कर्मचारी तथा पदाधिकारी) | ४००००।०० | |
| ८ | भत्ता पदाधिकारी | २४००००।०० | |
| ९ | कर्मचारी अतिरिक्त समय भत्ता | ६००००।०० | |
| १० | योजना पुस्तक छपाई | २०००००।०० | |
| ११ | विविध (व्याच, व्यानर, माला, खादा, आदी) | ५००००।०० | |
| | **जम्मा** | **१००००००।००** | |

**निर्णय नं.५३** : चन्द्रनगर गाँउपालिकामा प्राविधिक पदमा एकजना मात्र ईन्जिनियर कार्यरत रहेको तर गाँउपालिकाको क्षेत्र ठुलो भई योजना तर्जुमा तथा कार्यान्वयनमा बाधा आउने देखी गाँउ कार्यपालिकाको निर्णयबाट जिल्ला प्राविधिक कार्यालय सर्लाहीमा नियमानुसार करार सेवामा रहेको सव-ईन्जिनियर श्री सिवेन्द्र कुमार यादवलाई यस गाँउपालिकाबाट तलब भत्ता खाने गरी करार सेवा सम्झौता गर्ने गरी गाँउ कार्यपालिकाले गरेको निर्णयलाई अनुमोदन गर्दै निजको कार्य सन्तोष जनक रहेको देखिएमा

आवश्यकता अनुसार करार सेवा थप गर्नको लागी गाउँपालिका अध्यक्षलाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५४** नेपाल सरकार ( मन्त्रिपरिषद) को मिति २०७३/११/२७ गतेको नेपाल राजपत्रमा साबिक चन्द्रनगर, मोहनपुर, किसनपुर र ववरगंज गाबिस मिलाएर "चन्द्रनगर गाउँपालिका" को रुपमा यस गाउँ गाउँपालिकाको नामाकरण गरिएकोमा आजको यस गाउँ सभाबाट स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम यस गाउँपालिकाको नाम परिवर्तन गरि "नाढीताल पर्यटकिय गाउँपालिका " नामाकरण गर्नको लागी नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

**निर्णय नं.५५ :** साविक गाविस देखी हालसम्मका गाविस बोर्ड, गाँउपालिका बोर्ड तथा गाँउ कार्यपालिकाको बैठकका निर्णयहरु लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५६:** चन्द्रनगर गाँउपालिकाको गाँउ सभाले गरेका निर्णयहरु कार्यान्वयन गर्ने क्रममा कुनै बाधा, अडकाउ देखा परेमा वा कानूनि जटिलता आईपरेमा प्रचलित कानूनको दायरा भित्र रही बाधा अड्काउ फुकाउ गर्ने अधिकार गाँउपालिका अध्यक्षलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।